बागमती प्रदेश सरकार
# स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल
मा. गिर बहादुर तामाङ
मन्त्री

## "मानव बेचबिखन विरुद्धको २०औं राष्ट्रिय दिवसको शुभकामना"

मानव बेचबिखन तथा ओसारपसार मानव अधिकार, मानव मर्यादा, स्वतन्त्रता र सामाजिक न्यायमाथिको गम्भीर अपराध हो। यसले व्यक्ति, परिवार र समाजमा दीर्घकालीन पीडा तथा सामाजिक, आर्थिक र मनोवैज्ञानिक असर पार्नुका साथै राष्ट्रको समग्र विकासमा समेत चुनौती सिर्जना गर्दछ।

मानव बेचबिखन विरुद्धको २०औं राष्ट्रिय दिवसको अवसरमा मानव बेचबिखन तथा ओसारपसारबाट प्रभावित, जोखिममा रहेका तथा यस विरुद्ध निरन्तर अभियानमा संलग्न सम्पूर्ण व्यक्ति, संस्था र सरोकारवालाप्रति हार्दिक सम्मान व्यक्त गर्दै सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइमा सुख, शान्ति, समृद्धि र सुरक्षित जीवनको हार्दिक शुभकामना व्यक्त गर्दछु।

मानव बेचबिखन नियन्त्रणका लागि कानुनी तथा नीतिगत व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन गर्नुका साथै रोकथाम, उद्धार, संरक्षण, पुनःस्थापना, र न्यायमा पहुँच सुनिश्चित गर्न सरकार प्रतिबद्ध छ। यस अभियानलाई अझ प्रभावकारी बनाउन तीनै तहका सरकार, सुरक्षा निकाय, नागरिक समाज, सञ्चार माध्यम, गैरसरकारी संघसंस्था, निजी क्षेत्र, शैक्षिक संस्था तथा समुदायबीचको सहकार्य अपरिहार्य छ।

पछिल्लो समय सूचना तथा सञ्चार प्रविधिको तीव्र विकास सँगसँगै मानव बेचबिखनका स्वरूप र माध्यममा समेत परिवर्तन भएका छन्। सामाजिक सञ्जाल तथा डिजिटल माध्यमबाट हुने प्रलोभन, झुटा आश्वासन र शोषणप्रति विशेष सजग हुँदै प्रविधिको सही प्रयोग र डिजिटल सचेतनालाई मानव बेचबिखन विरुद्धको अभियानसँग जोड्नुपर्ने आवश्यकता छ। विशेषगरी महिला, बालबालिका, सीमान्तकृत तथा जोखिममा रहेका समुदायलाई लक्षित गरी हुने शोषण, प्रलोभन र बेचबिखन रोक्न समुदायस्तरबाटै सचेतना अभिवृद्धि गर्दै प्रत्येक नागरिक मानव बेचबिखन विरुद्ध सक्रिय हुनु हामी सबैको दायित्व हो।

हाले भोटेकोशी क्षेत्रमा आएको बाढी तथा त्यसबाट प्रभावित र विस्थापित नागरिकहरू प्रति विशेष संवेदनशील हुन आवश्यक छ। विपद्को समयमा घरबार, आयस्रोत र सामाजिक सुरक्षा गुमाएका व्यक्ति तथा परिवारहरू राहत, रोजगारी वा अन्य अवसरको खोजीमा अपरिचित व्यक्ति तथा संस्थामाथि निर्भर हुनुपर्ने अवस्था आउन सक्छ। यस्तो संवेदनशील परिस्थितिको फाइदा उठाउँदै मानव तस्करहरूले रोजगारी, उद्धार, सहयोग, विवाह वा विदेश पठाउने बहानामा पीडितलाई प्रलोभनमा पार्न सक्ने जोखिम रहन्छ। अतः विपद् व्यवस्थापनलाई केवल उद्धार, राहत र पुनःस्थापनामा सीमित नगरी **मानव बेचबिखन तथा ओसारपसारको रोकथामलाई पनि विपद् प्रतिकार्यको अभिन्न अंग बनाउन** आवश्यक छ।

**"प्रविधिको सही प्रयोग र सजगताः मानव बेचबिखन रहित राष्ट्र निर्माणमा ऐक्यबद्धता"** भन्ने आदर्श वाक्यले हामी सबैलाई यस डिजिटल प्रविधिको युगमा प्रविधि सँग सचेत र सजग रहँदै मानव बेचबिखन विरुद्धको थप सशक्त, समन्वित र परिणाममुखी बनाउन प्रेरणा प्रदान गरोस्। "सचेत बनौं, सजग रहौं; मानव बेचबिखन विरुद्ध सबै एकजुट बनौं" भन्ने प्रतिबद्धताका साथ सुरक्षित, सम्मानित, न्यायपूर्ण तथा मानव बेचबिखनमुक्त समाज निर्माणमा हातेमालो गर्न सबैमा हार्दिक आह्वान गर्दछु।

धन्यवाद।

मिति : २०८३।०५।२०
नेपाल संवत् ११४६, गुँलागा नवमी

गिर बहादुर तामाङ
मन्त्री